# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## केदारस्युँ गाउँपालिका
## बझाङ

आर्थिक वर्ष २०७९/८०






महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## केदारस्युँ गाउँपालिका

## बझाङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

केदारस्युँ गाउँपालिका

बझाङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९।८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)
महालेखापरीक्षक

२०८१

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
सुदूरपश्चिम प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ५४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,
केदारस्युँ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बझाङ ।

१. **कैफियत सहितको राय** – हामीले केदारस्युँ गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ५ करोड ३७ लाख ५४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त नभएकोमा बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २ लाख ७४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड २५ लाख, नियमित गर्नुपर्ने रु. ३८ लाख ९३ हजार र पेश्की बाँकी रु. ७० लाख ८७ हजार समेत रु. ५ करोड ३७ लाख ५४ हजार रहेको छ। यस गाउँपालिकाको गत वर्ष सम्म रु.१३ करोड २ लाख २७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १३ करोड ५० लाख ५३ हजार रहेको छ। गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने केदारस्युँ गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (**Fraud**) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
**नायब महालेखापरीक्षक**

केदारस्युँ गाउँपालिका

बझाङ

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३४ | २६ | ५३७५४ | ० | ० | ० | ३४ | २६ | ५३७५४ | २७४ | ३८९३ | ४२५०० | ० | ० | ४६३९३ | ७०८७ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बझाङ | १३०२२७ | ० | ४८९२८ | ८१२९९ | ० | ५३७५४ | १३५०५३ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

(रु.)

| क. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | गत विगत वर्षतर्फको | | | |
| १ | २०७८।७९ | विभिन्न दफा | विभिन्न दफाहरुको जम्मा रकम | ४८९२८१३० |
| | कुल जम्मा | | | ४८९२८१३० |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो गाउँपालिका कुल ११४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल ९ वटा वडाहरुमा बिभाजन गरिएको र सभा सदस्या संख्य ४६ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षण विधि-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग २०८०।६।८ मा छलफल गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको आय-व्ययतर्फ गरी जम्मा रु. १ अर्ब ४४ करोड ८१ लाख ८० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

३ **लेखापरिक्षणको क्रममा असुली-** लेखापरीक्षणको क्रममा देहाय अनुसारको रकम असुल भएको छ।

| विवरण | दाखिला रकम | सञ्चित कोष |
|---|---|---|

| | | |
|---|---|---|
| राजश्व तथा बैठक भत्ता | ११६६२४ | स्थानीय सञ्चित कोष |
| अग्रिम आयकर | ३५८८० | संघीय सञ्चित कोष |
| सामाजिक सुरक्षा | ९७२०४८ | संघीय सञ्चित कोष |
| बढी तलव भुक्तानी | २२६३४ | स्थानीय सञ्चित कोष |
| जम्मा | ११४७१८६ | |

४ **प्राप्ति भुक्तानी विवरण**

| प्राप्ति भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा |
| **प्राप्ति (क+ख)** | | ६४,२६,८३,४७२.७२ | ५६,४८,१०,७४५.६८ | | ५६,४८,१०,७४५.६८ | ५८,५१,१७,८२६.१६ | | ५८,५१,१७,८२६.१६ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ६३,६२,७३,६७२.७२ | ५५,६५,९२,२१७.२१ | ०.०० | ५५,६५,९२,२१७.२१ | ५७,१८,७८,४५७.२६ | ०.०० | ५७,१८,७८,४५७.२६ |
| ११००० कर | ११ | ९,८३,७९,००० .०० | ७,८१,३३,९१८.६२ | ०.०० | ७,८१,३३,९१८.६२ | ९,०४,९६,४५७.२६ | ०.०० | ९,०४,९६,४५७.२६ |
| १३००० अनुदान | | ५०,००,५२,५००.०० | ४७,८४,५८,२९८.५९ | ०.०० | ४७,८४,५८,२९८.५९ | ४८,१३,८२,०००.०० | ०.०० | ४८,१३,८२,०००.०० |
| संघीय सरकार | १२ | ४६,७९,९१,०००.०० | ४५,०१,६२,०२८.५९ | ०.०० | ४५,०१,६२,०२८.५९ | ४३,७०,२९,०००.०० | ०.०० | ४३,७०,२९,०००.०० |
| प्रदेश सरकार | १२ | ३,२०,६१,५००.०० | २,८२,९६,२७०.०० | ०.०० | २,८२,९६,२७०.०० | ४,४३,५३,०००.०० | ०.०० | ४,४३,५३,०००.०० |
| १४००० अन्य राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ३२००० वित्तीय सम्पत्ति | | ३,७८,४२,१७२.७२ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | | ६४,०९,८००.०० | ८२,१८,५२८.४७ | | ८२,१८,५२८.४७ | १,३२,३९,३६८.९० | | १,३२,३९,३६८.९० |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | ६४,०९,८००.०० | ३७,८८,३८५.२५ | ०.०० | ३७,८८,३८५.२५ | १,२३,५५,४४२.०० | ०.०० | १,२३,५५,४४२.०० |
| धरौटी | | ०.०० | ४४,३०,१४३.२२ | ०.०० | ४४,३०,१४३.२२ | ८,८३,९२६.९० | ०.०० | ८,८३,९२६.९० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | ६४,२६,८३,४७२.७२ | ५८,०७,७५,८०८.३३ | | ५८,०७,७५,८०८.३३ | ५३,५२,८७,३९८.३५ | | ५३,५२,८७,३९८.३५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६३,६२,७३,६७२.७२ | ५७,७३,९१,६२८.३३ | | ५७,७३,९१,६२८.३३ | ५२,९८,६५,८५७.३५ | | ५२,९८,६५,८५७.३५ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २४,९४,५३,१६०.०० | २२,८५,४२,६७१.९८ | ०.०० | २२,८५,४२,६७१.९८ | २०,८५,२१,४००.६० | ०.०० | २०,८५,२१,४००.६० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १६,५०,६१,१५७.७२ | १४,६०,७९,१९४.८६ | ०.०० | १४,६०,७९,१९४.८६ | ११,१०,८३,७३३.९० | ०.०० | ११,१०,८३,७३३.९० |
| २५००० सहायता (Subsidy) | १८ | ३,६६,९१,०००.०० | ३,५७,१५,३८८.०० | ०.०० | ३,५७,१५,३८८.०० | २,७०,५१,७६५.०० | ०.०० | २,७०,५१,७६५.०० |
| २६००० अनुदान | १८ | १,१०,१२,०००.०० | १,०६,४०,४३६.४४ | ०.०० | १,०६,४०,४३६.४४ | ९,२४,०००.०० | ०.०० | ९,२४,०००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७००० सामाजिक सुरक्षा | १८ | १२,००,०००.०० | १०,२९,२१५.०० | ०.०० | १०,२९,२१५.०० | ६८,५०,०००.०० | ०.०० | ६८,५०,०००.०० |
| २८००० अन्य खर्च | १८ | २४,८०,०००.०० | १९,७२,५९०.०० | ०.०० | १९,७२,५९०.०० | २३,००,४३५.०० | ०.०० | २३,००,४३५.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १७,०३,७६,३५५.०० | १५,३४,१२,१३२.०५ | ०.०० | १५,३४,१२,१३२.०५ | १७,३१,३४,५२२.८५ | ०.०० | १७,३१,३४,५२२.८५ |
| घ. अन्य भूक्तानी | | ६४,०९,८००.०० | ३३,८४,१८०.०० | | ३३,८४,१८०.०० | ५३,५२,८७,३९८.३५ | | ५३,५२,८७,३९८.३५ |
| कोषहरु | | ६४,०९,८००.०० | ३५,२८,०४९.०० | ०.०० | ३५,२८,०४९.०० | ४२,३६,९००.०० | ०.०० | ४२,३६,९००.०० |
| धरौटी | | ०.०० | ०.०० | ०.०० | ०.०० | १,४२,१५४.०० | ०.०० | १,४२,१५४.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | (१,४३,८६९.००) | | (१,४३,८६९.००) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (१,५९,६५,०६२.६५) | | (१,५९,६५,०६२.६५) | ४,९८,३०,४२७.८१ | | ४,९८,३०,४२७.८१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३,८८,४२,१७२.७२ | | ३,८८,४२,१७२.७२ | १९,९७,५४०.०७ | | १९,९७,५४०.०७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वर्षान्तको बाकी रकम (ङ + च) | | | २,२८,७७,११०.०७ | | २,२८,७७,११०.०७ | ५,१८,२७,९६७.८८ | | ५,१८,२७,९६७.८८ |
| बैंक तथा नगद बाकी | २४ | | २,०५,२५,२५९.०७ | | २,०५,२५,२५९.०७ | ४,११,४५,५५५.८८ | | ४,११,४५,५५५.८८ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **आर्थिक सहायता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न नपाउने व्यवस्था छ । गाउँपालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। गाउँपालिकाले मापदण्ड र कार्यविधि तयार नगरी देहाय अनुसार विभिन्न संघ संस्था तथा व्यक्तिलाई रु ७८९७३९४ आर्थिक सहायता वितरण गरेको छ ।उक्त रकम गाउँपालिकाको कुल आन्तरिक आय रु. ६००००००० को १३० प्रतिशत हुन आउँछ ।निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

| सि नं | शिर्षक वा प्रयायोजन | रकम | प्राप्त गर्ने |
|---|---|---|---|
| १ | विपतबाट क्षेति भएका योजनाहरुको भुक्तानी | २१९६८९४ | विभिन्न योजनाहरुको उ स |
| २ | विभिन्न विरामी व्यक्तिहरुलाई | ९६२००० | विरामीहरुको लागि रमक भुक्तानी |
| ३ | आर्थिक सहयोग | १३०५००० | विभिन्न व्यक्तिहरुलाई आर्थिक सहयोग |
| ४ | आर्थिक सहयोग बाडिपिडित | ३००३५०० | विभिन्न बेला गएको बाडी पहिरोका कारण क्षति भएका व्यक्तिहरुलाई रकम भुक्तानी |
| ५ | औषधी उपचार | ४३०००० | विभिन्न गरिव तथा असहाय व्यक्ति हरुलाई औषधी बाफत रकम भुक्तानी |
| | जम्मा | ७८९७३९४ | |

५ **योजना प्राथिमिकिकरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा आवधिक योजना बनाई लागु गर्नुपर्ने विषय उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू (गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास) लाई गणना गरी ८० अंक भन्दा बढी आउनेलाई पि१ गरी योजनाको प्राथमिकता निर्धारण गरी प्राथमिकता प्राप्त पि१ योजनामा लगानी गरी आवधिक योजनासँग सामजस्यता गर्नुपर्दछ । गाउँपालिकाले आयोजना छनौट गर्दा वडागत हिसाबले र अत्यन्तै स-

साना टुक्रे आयोजना छनौट गरी जे जती बजेट पुग्छ त्यती नै काम गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको पाइयो। गाउँपालिकाले आ.ब. २०७९।८० मा निम्नानुसारका आयोजनामा बजेट विनियोजन गरेको पाइयो । यसरी आयोजनाहरूको प्राथमिकिकरणका आधार अंक गणना गरी प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी स-साना टुक्रे आयोजनामा बजेट विनियोजन गर्ने प्रवृत्तिमा नियन्त्रण हुनु पर्दछ ।

| **कार्यक्रमको नाम** | **योजना संख्या** | **रु ५ लाख भन्दा कमका योजना** | **रु.५ देखि २० लाख सम्मका योजना** | **रु.२० लाख भन्दा माथिका योजना** |
|---|---|---|---|---|
| गाउँपालिका स्तरिय | ६० | २१ | २३ | १६ |

६ **जिन्सी व्यवस्थापन-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ अनुसार कार्यालयलाई प्राप्त मालसमानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी समान खातामा आम्दानी बाधी लगत अद्यावधिक गर्नुपर्ने व्यबस्था छ । सोही नियमावलीको नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तिमा १ पटक आफैंले वा जिन्सी शाखा प्रमुख बाहेकको कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी जिन्सी निरीक्षण गर्न लगाई स्वीकृत ढांचामा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने र सो प्रतिवेदनमा उप नियम २ का कुराहरु खुलाउनु पर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६(१) तथा १११(१,२,३,४,५,६ र ७) बमोजिम कार्यालयले पेस गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेका, मर्मत तथा लिलाम गर्नुपर्ने विभिन्न मालसमान नियमावलीमा भएको व्यबस्था बमोजिम लिलाम तथा मर्मत गरी कार्यालयले जिन्सि अद्यावधिक गर्नुपर्दछ ।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको सरकारी सामुदायिक तथा सार्वजानिक सम्पत्तिको रेखदेख, मर्मत संभार र संरक्षण गर्नुपर्ने व्यबस्था छ। गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजानिक सम्पत्तिको मर्मत तथा संभार गरेको अभिलेख राखेको पाइएन।

७ **लेखा ढाँचाको प्रयोग-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नुपर्दछ । स्वीकृत लेखा ढाँचामा देहायको बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प.फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । पालिकाले बैक हिसाब मिलान बिबरण २१२, भुक्तानी दिन बाकी चेकको बिबरण-२२०, प्राप्त रकमको मास्केवारी-२२२, सन्तुलन परिक्षण-२२५, बजेट रकमान्तर, कार्यक्रम संसोधनको बिबरण-३०४, बस्तु तथा निर्माणको खरिद योजना-३११, परामर्श सेवाको खरिद योजना-३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता-५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत-५०७, बेरुजु लगत-८०१, सम्परीक्षण गोश्वारा अभिलेख-८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२, सवारी साधन र मेशिन प्रयोगको लगबुक-९०५, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ ।

८ **योजना तथा बजेट तर्जुमा** - योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा गाउँपालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पूँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कूल पूँजीगत खर्च रु १५ करोड ३४ लाख १२ हजार भएकोमा प्रथम त्रैमासिकमा १ लाख ५० हजार, दोश्रो त्रैमासिकमा रु.२ करोड ७८ लाख ४९ हजार, तेस्रो त्रैमासिकमा रु. ३ करोड ९३ लाख २७ हजार र चौथो त्रैमासिकमा रु. ८ करोड ६० लाख ८६ हजार र असार महिनामा मात्रै रु.७ करोड ६८ लाख १९ हजार खर्च भएको देखिन्छ। आर्थिक बर्षको अन्त्यमा हुने विकासले कामको गुणस्तर र दिगोपनामा असर पर्ने हुनाले पालिकाले समयमै विकास निर्माण कार्य गर्न ध्यान दिनुपर्दछ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा गाउँपालिकाले यो बर्ष रु. १५ करोड ३४ लाख १२ हजारको पुँजीगत निर्माणको कार्य गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

---

९ **रकम दाखिला** - निर्माण व्यवसायीको रनिङ बिलवाट कट्टी भएको रकम समयमै सम्बन्धित खातामा दाखिला हुनु पर्दछ। गाउँपालिकाले १५ वेड अस्पताल भवन निर्माण कार्यमा निर्माण व्यवसायीलाई दोश्रो रनिङ विलवाट भुक्तानी गर्दा कट्टी भएको देहायको रकम सम्वन्धित खातामा जम्मा गर्नुपर्नेमा गाउँपालिकाको खातामा जम्मा गरेकोले उक्त रकम सम्वन्धित राजस्व र धरौटी खातामा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रु

| विवरण | रकम | कोष |
|---|---|---|
| धरौटी रकम | ५०००११ | धरौटी कोष |
| आयकर | १५०००३ | संघिय सञ्चित कोष |
| मु अ कर | ३९०००८ | संघिय सञ्चित कोष |
| जम्मा | १०४००२२ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,४०,०२२ |

---

१० **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सो माथी विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेकाछन:

• गाउँपालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• गाउँपालिकाले उद्देश्य प्राप्तिमा आईपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्र मात्र यस्तो सुनवाई सीमित गरेको अवस्था छ।

• गाउँपालिकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्य मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले भ्रमण तथा अनुगमन वापत रु.२५ लाख ८० हजार खर्च लेखेकोमा अधिकांश भुक्तानीमा अनुगमन प्रतिवेदन पेश गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ गाउँपालिकाले रू. १९ लाख ९९ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• गाउँपालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• गाउँपालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• गाउँपालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

• पालिकाले कतिपय भुक्तानीमा आपूर्तकको विजक संलग्न गरेपनि उक्त भुक्तानी आपूर्तकलाई नगरी कर्मचारी मार्फत सोधभर्ना भुक्तानी गर्ने गरेको छ । आपूर्तकलाई नै भुक्तानी दिने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

११ **बजेट पेश स्विकृत तथा अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाउँपलिकामा उपाध्यक्षले मिति २०७८।३।१० गते रु. ५३ करोड २१ लाख ८८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।११ मा पारित भएको छ । गाउँपालिका अध्यक्षले २०७८।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१२ **बजेट तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ। सो अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१३ **इन्टरनेट ब्रोडव्याण्ड सेवा** - स्थानीय तह मार्फत ब्रोडब्याण्ड ईन्टनेटको पहूँच गाउँपालिका भरीका ३० वटा आधारभूत सामूदायिक विधालयमा कम्तिमा २० एम वि पि एस क्षमताको नन डेडिकेटेड ब्रोडब्याण्ड इन्टरनेट पुर्याउन नेपाल दूरसञ्चार प्राधिकरणसंग सम्झौता गरी नेपाल दूर सञ्चार प्राधिकरणले प्रति विधालय रु ७३९०० को दरले गाउँपालिकाको खातामा २२१७००० निकासा गरेको छ । उक्त रकम गाउँपालिकाले ४१ आधारभूत सामूदायिक विधालयको खातामा निकासा गरेको छ ।लेखापरीक्षणणको क्रममा विधालयले इन्टरनेट सेवा जडान गरेको विल भर्पाइ परीक्षण गर्दा साग्रिला इन्फोरमेटिक्स प्रा लि को रु ७३९०० को इन्टरनेट जडानको विल भर्पाइ पेश गरेको देखियो। यसरी गाउँपालिका भित्रका सम्पूर्ण विधालयमा एउटै आपूर्तकवाट विना प्रतिस्पर्धात्मक तवरवाट कार्य गराएको देखियो। यसरी जडान भएको इन्टरनेट सेवाको सञ्चालन भए नभएको गाउँपालिकावाट अनुगमन समेत भएको देखिएन।

१४ **कर्मचारी करार-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाउँपालिकाले दरवन्दी भित्रका विभिन्न पदमा ७५ जना कर्मचारीहरु करारमा राखि रु. २२०२६१०८ खर्च लेखेको छ।

१५ **प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापन** - नीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १७ जना पदपूर्ती भएको देखिन्छ ।गाउँपालिकामा अधिकृत स्तरका सहित २१ महत्वपुर्ण पद रिक्त रहेको पाईयो ।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा गाउँपालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने हुँदा रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१७ **कल्याण कोष**- स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरको हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाको कर्मचारी कल्याणकोषमा रु ३०००००० मौज्दात रहेको छ । ऐनमा भएको उपर्युक्त व्यवस्था अनुसार सो कोषमा नियमित रुपमा रकम जम्मा गरी भविष्यमा वहन गर्नुपर्ने दायित्व सुनिश्चित गर्नुपर्दछ ।

१८ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको बाँकी १ र यो बर्ष ३ गरी ४ विवाद दर्ता भएकोमा २ वटा फछ्यौंट भइ २ वटा बाँकी रहेको देखिन्छ । कानुनले तोकेको समयमा सबै विवाद फछ्यौंट हुनुपर्दछ।

१९ **म्याद नरहेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायतित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कुनै कार्यक्रमको लागि लिएको पेश्की कार्यक्रम समाप्त भएको ३५ दिनभित्र आवश्यक कागजात संलग्न राखी फर्स्यौट गर्नुपर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले देहायबमोजिमको पेश्की आर्थिक वर्षको अन्त्यसम्म पनि फर्स्यौट नगरेकोले नियमानुसार पेश्की फर्स्यौट गर्नुपर्ने देखिएको रु

| सि नं | पेश्की लानेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | भैरब मा वि झोता | नमुना विद्यालय | ७०८६६८७ |

| | |
|---|---|
| पेश्की | ७०,८६,६८७ |

२० **म्याद बाँकी रहेको पेश्की** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की सम्बन्धी व्यवस्था छ । जस अनुसार सम्झौता अनुसारको पेश्की सम्झौतामा उल्लेखित समयमा फछ्यौंट गरीसक्नु पर्दछ । गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा दिएको पेश्की मध्ये देहाय अनुसारको म्याद बाँकी रहेको पेश्की फछ्यौंट गर्न बाँकी रहेको हुदा पेश्की लगत अधावधिक गरी पेश्की फछ्यौंट गर्नुपर्दछ ।

| **सि नं** | **पेश्की लिनेको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | बेताल भगवती निर्माण सेवा | एक घर एक धारा शौचालय निर्माण | ४७९००० |
| २ | वेष्ट सेती बिल्डर्स प्रा लि | एक घर एक धारा शौचालय निर्माण | १४६००० |
| ३ | नेपाल विद्युत प्राधिकरण | विद्युत प्रशारण | १०००००००० |
| ४ | अग्रनी इन्कोर्पोरेटेड प्रा लि | बहुक्षेत्रीय पोषण कार्यक्रम | २०१००५० |
| | जम्मा | | १२६३५०५० |

२१ **वित्तिय विवरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । गाउँपालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२१.१ **वित्तीय विवरणको यथार्थता -** गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । गाउँपालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १०३४०८७०५, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम रु. ९९८०४१२ र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रममा रु ३३२५२२६० गरी रु. १४६६४१३७७ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा गाउँपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२१.२ **हिसाब फरक-** गाउँपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणबाट क्रममा गाउँपालिकाबाट सबै कारोबार समेटिएको एकीकृत आर्थिक विवरण माग भएकोमा भएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. २३७७०८१, यस वर्षको प्राप्ति रु. १४४५४३०४७ , यस वर्षको भुक्तानी रु. १५१५४२२६५ फरक परेको छ । सुत्रमा गाउँपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले गाउँपालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ३८८४२१७२ | ५७१२३६२३४ | ५७९८१७७१० | २७०२४६६६ |

| | | | | |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरणअनुसार | ४१२१९२५३ | ७१५७७९२८१ | ७३१३५९९७५ | २४५९७२८५ |
| फरक | २३७७०८१ | १४४५४३०४७ | १५१५४२२६५ | २४२७३८१ |

२१.३ **संचित कोष जिम्मेवारी –** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । गाउँपालिकाको म ले प फारम २७२ परिक्षण गर्दा गत वर्ष सञ्चित कोष मौज्दात रु ३४१६२५९९ रहेकोमा यस वर्ष रु ३७८४२१७२ जिम्मेवारी सारेको देखिन्छ । गत वर्षको मौज्दात भन्दा रु ३६७९५७३ बढी जिम्मेवारी सारेको सम्बन्धमा गाउँपालिकाले वित्तीय विवरणमा कुनै खुलासा गरेको छैन।

२१.४ **सुत्रमा प्रविष्टि नगरेको–** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । गाउँपालिकाले देहाय अनुसारको कोष खाताहरु सुत्रमा प्रविष्टि नगरेको कारणवाट यथार्थ कारोबार एकिन गर्न सकिएन । सुत्रमा प्रविष्टि नगरिएको कोषहरु सुत्रमा प्रविष्टि गरी हिसाव मिलान हुनुपर्दछ।

| **सि नं** | **शिर्षक** | **रकम** |
|---|---|---|
| १ | **कर्मचारी कल्याण कोष** | **३००००००** |
| २ | **प्रकोप व्यवस्थापन कोष** | **१२५१३८१** |
| | **जम्मा** | **४२५१३८१** |

२१.५ **धरौटी तथा कोषहरुको जिम्मेवारी –** गाउँपालिकालेले गत वर्षको अन्तिम लेखापरिक्षण प्रतिवेदनमा उल्लेख गरेको स्रेस्ता मौज्दात भन्दा देहाय अनुसारको फरक जिम्मेवारी सारेको छ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन भन्दा घटि जिम्मेवारी सार्नुपर्नाको कारण पेश हुनुपर्ने रु

| शिर्षक | गत वर्षको मौज्दात | जिम्मेवारी सारेको | फरक |
|---|---|---|---|
| धरौटी | ३३७७०८० | १०००००० | (२३७७०८०) |
| कार्य सञ्चालन कोष | २०८४९७४ | ० | (२०८४९७४) |
| जम्मा | | | (४४६२०५४) |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४४,६२,०५४ |

२१.६ **बैक हिसाब मिलान** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा गाउँपालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी फरक हिसाव एकिन गर्नुपर्दछ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | संचित कोष | १४५४२७६१ | १५२४०४४५ | ६९७६८४ |
| २ | चालु खाता | ० | १९६७४७ | १९६७४७ |
| ३ | पुँजीगत खाता | ९१६४०० | ९६३५३ | ८२००४७ |
| ४ | ग २ ७ विविध खर्च खाता | ५५२३५४ | १९७०४३९ | १४१८०८५ |
| ५ | जम्मा | १६०११५१५ | १७५०३९८४ | ३१३२५६३ |

---

२२ **ईन्धन-** महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत फारम नम्बर ९०५ मा इन्धन खपतको लगबुक राख्नुपर्ने व्यवस्था छ| गाउँपालिकाले यो वर्ष इन्धन कार्यालय प्रयोजन बाट रु.१४९८५७० खर्च गरेको छ । सवारी लगबुकको प्रयोगले सवारी प्रयोगकर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामानजस्यता एवम् मितव्ययीता कायम हुन्छ | गाउँपालिकाले इन्धन भुक्तानी गर्दा विवरण खुल्ने गरी लगबुक राख्नुपर्नेमा सो नराखेकोले कसलाई के प्रयोजनमा इन्धन दिएको हो खुल्न सकेन |सवारी लगबुक सहित इन्धन खर्चको प्रमाण पेश हुनुपर्दछ।लगबुक वेगर इन्धन खर्च गरेको केही उदाहरण निम्नानुसार छन:

| भौचर र मिति | सप्लायर्स | इन्धन | रकम |
|---|---|---|---|
| ७२।०७९।७।२९ चालु | सन्तोष स्टोर | डिजेल | १५६०५० |
| ४२९।०८०।२।३ चालु | राजेश भण्डारी | डिजेल | १२५४०० |
| ४९४।०८०।२।३१ चालु | सन्तोष स्टोर | डिजेल | ३३४८६५ |

---

२३ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाको आन्तरिक आय रु. ६०००००० रहेकोमा गाउँपालिकाले यस वर्ष कार्यालयले विविधतर्फ रु.१९९९००० कुल आन्तरिक आयको ३३.३३ प्रतिशत खर्च

गरेको पाईयो । उक्त खर्चहरु होटल तथा खानाको विजक मात्र संलग्न राखी कुनै प्रयोजन नखुलाइ व्यक्ति तथा संस्थालाई भुक्तानी दिएको देखिन्छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

२४ **व्यक्ति मार्फत काम गराएको** - सार्वजनिक खरिद नियमावली २०६४ अनुसार कानुन बमोजिम दर्ता भएको संस्था तथा व्यवसायीसंग खरिद खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। तर गाउँपालिकाले धन बहादुर भण्डारीलाई डकुमेन्टरी बनाउन भनी रु ५००००० भुक्तानी दिएको छ। यसरी संस्था मार्फत गराउनुपर्ने कार्य सिधै गराएको नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

२५ **शिक्षक तलब** - गाउँपालिकाले देहाय कर्मचारीहरुलाई तलब निकासा गर्दा नियमानुसार पाउने तलब भन्दा बढी तलब तथा भत्ता निकासा गरेकोले सम्बन्धित कर्मचारीवाट असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

| कर्मचारीको नाम | बढी तलब तथा भत्ता |
|---|---|
| निर्मला कुमारी ओली | ४७४० |
| प्रेम बहादुर भण्डारी | ५७४७ |
| जम्मा | १०४८७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,४८७ |

२६ **शिक्षक दरबन्दी** - गाउँपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपुर्ति देहाय अनुसार रहेको छ ।

| **सि नं** | **विद्यालय संख्या** | **शिक्षक दरबन्दी जम्मा** | **पदपूर्ति जम्मा** | **पदपूर्ति मध्ये करार** | **विधार्थी संख्या जम्मा** |
|---|---|---|---|---|---|
| १ | ५६ वटा | २३० जना | २३० जना | ७८ जना | १०७३८ जना |

उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवम् विधार्थी सङख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा ४६ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको विधालयको शिक्षक दरवन्दी मिलानको कार्य गाउँपालिकाले गर्नुपर्ने देखिन्छ ।

२७ **सेनेटरी प्याड** - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्थानीय र प्रदेश तहमा सशर्त अनुदान कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.७ क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्था सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम गर्नुपर्ने र कार्यविधिमा विद्यालयले आफ्ना छात्राहरुको संख्यामा आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गर्ने, गाउँपालिकाले शैक्षिक व्यवस्थापन प्रणालीको तथ्याकंसँग भिडाई विद्यालयलाई आवश्यक संख्यामा उपलब्ध गराउने, विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा राख्ने र विद्यालयले छात्राहरूको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले भौचर नं. १४२ मिति २०८०।२।२१ गते ३३५७४ वटा सेनिटरी प्याड प्रति पेकेट रु ४९ मा खरिद गरी रु. १६४५१६०

खर्च गरेको छ । अतः गाउँपालिकाले प्राप्त मागको आधारमा आवश्यक संख्या एकिन गरी समयमा नै खरिद गर्ने, मागको आधारमा गाउँपालिकाले विद्यालयलाई हस्तान्तरण गर्ने, विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा राख्ने र विद्यालयले छात्राहरूको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गरी सो को प्रमाण कागजात गाउँपालिकामा पेश गर्नुपर्नेमा सो समेत नगरी सेनेटरी प्याड खरिद गरी विधालयमा हस्तान्तरण गरेको उपयुक्त देखिएन । कार्यविधिले तोके अनुसार सेनेटरी प्याड वितरणको अभिलेख गाउँपालिकाले अद्यावधिक गर्नु पर्दछ ।

२८ **औषधि व्यवस्थापन** — सावजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था छ ।साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा २५ लाख रुपैयासम्मको औषधि जन्य मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको सूचना प्रकाशन गरी तोकिएको मूल्यमा सोझै र २५ लाख रुपैया देखि ५० लाख रुपैयसम्मको हकमा सिलवन्दी दरभाउपत्रको माध्यकवाट र सो भन्दा माथि बोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने व्यास्था छ ।तर गाउँपालिकाले पटक पटक गरी रु ३३९३०७२ को देहाय बमोजिम सोझै औषधि खरिद गरेको नियम सम्मत नदेखिएको रु

| **भौचर र मिति** | **फर्मको नाम** | **खरिद** | **रकम** |
|---|---|---|---|
| ६५।०७९।१०।२८ शसर्त | सम्झना सर्जिकल एण्ड सप्लायर्स | सर्जिकल सामान | ४९७७९८ |
| १३६।०८०।२।८ शसर्त | यसोधा फार्मेसी | औषधि | ११२४३७० |
| २३०।०८०।३।२२ शसर्त | राधाकृष्ण फार्मेसी | औषधि | ३०१७१९ |
| २५२।०८०।३।२४ शसर्त | यसोधा फार्मेसी | औषधि | ४२९२०२ |
| २५१।०७९।११।१७ चालु | एञ्जल ट्रेड लिङ्क | औषधि | ७२१३०८ |
| ४३८।०८०।२।८ चालु | प्रिमियर ट्रेड एण्ड सप्लायर्स | औषधि | ३१८६७५ |
| जम्मा | | | ३३९३०७२ |

उल्लेखित औषधि खरिद सम्वन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन ।

क. आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।

ख. आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

ग. औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।

घ. खरिद भएको औषधिमा निशुल्क वितरणको लागी रहेको व्यहोरा उल्लेख नभएको ।

ङ. उक्त औषधि वितरण/हस्तान्तरणको प्रमाण पेश गरेको छैन । वितरण हस्तान्तरणको प्रमाण पेश नभएको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राखे, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राखे तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ३३,९३,०७२ |

२९ **उपभोक्ता समिति मार्फत कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । सुत्रमा प्रविष्टि भएको विवरण अनुसार यस बर्ष ४१ वटा उपभोक्ता समिति मार्फत काम गराई रु.३०५१४३१६ भुक्तानी भएको देखिन्छ । लेखापरीक्षणमा प्रविधिकको मूल्याङ्कनलाई आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ । सो मध्ये नमूना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका गाउँपालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

क. कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन।

ख. हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन।

ग. योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।

घ. कुनैपनि उपभोक्ता समितिसँग योजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन ।

ङ. उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यलयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन्।

च. कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।

छ. उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।

ज. उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।

झ. उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भरपाई गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।

ञ. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस

गाउँपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भरपाई सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तसर्थ कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भरपाई पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३० **विद्युतिकरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपदफा ५ मा खर्चको विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले गाउँपालिका भित्र विधुतीकरणको लागि ५० प्रतिशत गाउँपालिकावाट र ५० प्रतिशत नेपाल विधुत प्राधिकरणवाट व्यहोर्ने नेपाल विधुत प्राधिकरणसंग सम्झौता गरी यो बर्ष गाउँपालिकाले पटक पटक गरी रु ३0000000 भुक्तानी र रु १0000000 पेश्की नेपाल विधुत प्राधिकरणलाइ उपलव्ध गराएको छ ।भुक्तानी भएको रकमवाट लेखापरीक्षण अवधिसम्मपनि विधुतीकरणको कार्य शुरु भएको छैन। विधुतीकरणको कार्य भएको देखिने प्राविधिक मूल्याङ्कन,विल भर्पाइ सहितको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००,००० |

३१ **गुणस्तर परिक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा अधिकांशमा गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नुपर्दछ ।

३२ **सामानको प्रयोग -** कार्यालयले जुन उद्देश्यले कार्यालयले समान खरिद गरेको हो सोही प्रयोजनमा प्रयोग हुनुपर्दछ।गाउँपालिकाले दर्ता चलानी**,** सिफारिश**,** योजना तथा अनुगमन र नमस्ते अध्यक्ष कार्यक्रमको लागि भनी प्रदेश पूजिगतवाट सफ्टवेयर खरिद तथा जडान वापत भौ नं २४ मिति २०८०।३।२३ वाट आपूर्तक विट्स क्राफ्ट प्रा लि लाइ रु १९९७८४० भुक्तानी गरेको छ ।लेखापरीक्षण अवधि २०८०।५।२५ सम्मपनि उक्त सफ्टवेयर सञ्चालन भएको छैन। यस सम्वन्धमा कार्यालयमा छलफल गर्दा **Public IP** नबनेको कारण सफ्टवेयर सञ्चालन हुन नसकेको कार्यालयले जानकारी गराएको छ।जुन उद्देश्यले समान खरिद भएको हो सोही प्रयोजनमा प्रयोग भएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,९७,८४० |

३३ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित कतिपय सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी

मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको सहमति लिएको पाइएन। यसवाट निर्माण कार्य उपभोक्ता समितिले जिम्मा लिई उक्त कार्य निर्माण व्यवसायी मार्फत गराउने गरेको स्रेस्तासाथ संलग्न विलवाट देखिन्छ। यस्ता कार्यमा नियन्त्रण हुनुपर्दछ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छनः

| **गो भौ नं र मिति** | **योजनाको नाम** | **प्रयोग भएको मेशिनरी औजार** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १७।१०।१७ | ढोडखेत गण्डकी लोतु दर्शन सडक वडा नं ८ | एक्साभेटर | १९७३२५२ |
| ३२।११।१७ | वगडी समरकाँडादेखि वडा कार्यालयसम्म सडक वडा नं ५ | एक्साभेटर | १४९५७८१ |
| ३३।११।१७ ९०।३।२४ | दशैन जसुडा सडक वडा नं ७ | एक्साभेटर | २०००००० |
| ३५।११।१९ | देउराली मैतोली डाफ्रु सडक वडा नं ३ | एक्साभेटर | १३४८५३२ |
| ३६।१२।१३ | सेकु सजडा लोतु सडक वडा नं ८ | एक्साभेटर | २७५०००० |
| ५४।१।२६ | सिम दुदिल कनडा सडक वडा नं १ | एक्साभेटर | १४६२९५५ |
| ५५।१।२६ | सर्स्यूवाझ ग्र्रामिण सडक वडा नं १ | एक्साभेटर | ११७९००० |
| ८४।३।१० | वागथला कोटीगाउ हुदै वडा कार्यालय सम्मको सडक वडा नं २ | एक्साभेटर | २०००००० |
| ११४।३।२० | धामीलेक ज्याडा खानी विनमडा सडक | एक्साभेटर | १०३४६९७ |

३४ **१५ शैया अस्पताल भवन निर्माण-** गाउँपालिकामा १५ शैया अस्पताल भवन निर्माणको लागि भएको वोलपत्रमा निर्माण व्यवसायी प्रतिष्ठ/जागृति/नेपाल जेभीसंग २०८०।८।२५ मा काम सम्पन्न हुने गरी मु अ कर समेत रु १७२५६८३८६ को सम्झौता २०७९।९।५ मा भएकोमा निर्माण व्यवसायीलाइ यो बर्ष दोश्रो र तेश्रो विलवाट रु ३३१०६५७६ समेत हालसम्म रु ५११५०९९० भुक्तानी भएको छ। निर्माण व्यवसायीलाइ तोकिएको समयमा कार्यसम्पन्न गराउन कार्यतालिका बमोजिम कार्य गराउनु पर्दछ।

३५ **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्मस र प्रचलित जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले वडा नं १ चौडाम बगर

लिफ्ट कुलो निर्माण गर्न उपभोक्ता समितिलाइ भौ नं १८ मिति २०७९।१०।१९ वाट रु ५३७९५० भुक्तानी गर्दा Earthwork excavation in medium rock manually cutting मा प्रचलित नर्म्स जिल्ला दररेट अनुसार प्रतिघनमिटर रु ३४०० ले मूल्याङ्कन गरी भुक्तानी गर्नु पर्नेमा प्रति घनमिटर रु ११०५७ ले भुक्तानी भएवाट ४.८० घनमिटरमा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,७५३ |

३६ **सामाजिक सुरक्षा** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ लाभग्राही नाम दर्ता र नवीकरण, लगतकट्टा तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरि सामाजिक सुरक्षा वितरण गर्नुपर्ने छ । पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत बैंक मार्फत प्रथम, द्वितीय, तृतीय र चौंथो किस्ता गरि जम्मा रु. १०३४०८७०५ निकासा तथा वितरण गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :-

३६.१ **केवाइसी अपडेट-** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन। अत: बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

३६.२ **लगतकट्टा-** सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम लाभग्रहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिका को उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगतार एकवर्ष खाता निष्क्रिय भएमा, समाजिक सुरक्षा भत्ता पाउने व्यक्ति बसाईसरी अन्यत्र गएमा र अयोग्य व्यक्तिको भत्ता प्राप्त गरेको प्रमाणित भएमा, स्थानिय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राही घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य, वडा सचिव वा कार्यरत कर्मचारीहरुले घटना भएको जानकारी पाएमा सत्य तथ्य बूझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था छ।

३६.३ **अनुगमन तथा निरीक्षण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा गाउँपालिकाका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। सो बमोजिम गाउँपालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन ।कार्यविधिले तोके बमोजिम अनुगमन हुनु पर्दछ।

३६.४ **पारदर्शिता-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ.एम लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ। यसवर्ष गाउँपालिकाले सो बमोजिम कार्य गरेको देखिएन।

३७ **गाउँपालिका प्रशासकिय भवन-** गाउँपालिका प्रशासकिय भवन निर्माणको लागि मु अ कर सहित रु ८१४०१३८५ को लागत अनुमान तयार गरी मिति २०७९।५।७ मा सूचना प्रकाशन गरिएकोमा एल वि एण्ड एवि विल्डर्ससंग

२०८१।८।२१ मा कार्यसम्पन्न गर्ने गरी २०७९।८।२१ मा सम्झौता गरेकोमा यो बर्ष गाउँपालिका पूजिगतवाट रु ५०००००० र संघीय सरकारको निकासावाट रु पेश्की वाहेक रु ६२४०५४९ भुक्तानी भएको छ ।उक्त निर्माणकार्यमा देखिएका व्यहोरा निम्मानुसार छन्।

३७.१ सम्झौतामा उल्लेख भए अनुसार निर्माण व्यवसायीलाइ गाउँपालिका पूजिगतको भौ नं १६।२०७९।९।२१ बाट रु.५०,००,००० पेश्की भुक्तानी भएको छ । तर उक्त पेश्की रकमलाइ पेश्की नजनाइ बजेट खर्च लेखिएकोले पेश्की लगतमा पेश्की बाँकी देखिंदैन । तसर्थ उक्त रकम पेश्की कायम गरी फछ्र्यौट गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००,००० |

३७.२ संधीय सरकारवाट भएको निकासावाट निर्माण व्यवसायीलाइ रु. ५०००००० थप पेश्कि उपलव्ध गराएकोमा उक्त पेश्की मध्ये प्रथम रनिङ विल भुक्तानीमा १५६०१३७ फर्स्यौट गरी ३४३९८६३ बाँकी रहेको छ उक्त म्याद वाँकी रहेको पेश्की रकम पेश्की लगत कायम गरी फर्स्योट गर्नु पर्दछ।

३७.३ गाउँपालिका पूजिगतवाट पेश्की निकासा दिएको रकम रु ५०००००० को बैङक जमानतको म्याद ४ अगष्ट २०२३ सम्म रहेको लेखापरीक्षण अवधिसम्म पनि पेश्कीको म्याद थप नभएको र पेश्की फर्स्यौट समेत नभएको हुदा पेश्की जमानतको म्याद थपको प्रमाण पेश हुनुपर्दछ।

## ३८ आन्तरिक लेखापरीक्षणवाट उल्लेखित व्यहोराहरु

३८.१ भ्रमण खर्च नियमावली २०६४ अनुसार एक दिनमा एक पटक एउटै भ्रमण भत्ता प्राप्त गर्न सकिने व्यवस्था छ । तर परिवार नियोजन सञ्चालन कार्यक्रममा नवराज जोशीले एउटै मितिमा दोहोरो पर्ने गरी दैनिक भत्ता भुक्तानी लिएको हुदा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२२५ |

३८.२ भ्रमण खर्च नियमावलीमा निश्चित दुरी सम्म भ्रमण गर्दा दैनिक भत्ता भुक्तानी नगर्ने व्यवस्था रहेको छ । वडा नं ३ का वडाध्यक्ष बीर बहादुर खातीले आफ्नै वडामा भ्रमण गरेको दैनिक भत्ता बुझेको तथा मासिक सेवा सुविधा समेत बुझैको हुदा उक्त दैनिक भत्ता असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,६५० |

३८.३ आयकर ऐन २०५८ को दफा ८९ मा भुक्तानीमा कर कट्टि सम्बन्धी व्यवस्था छ । गाउँपालिकाले सेती नदी डाइभर्सनको लागी विजय कन्स्ट्रक्सनलाई भ्याट बाहेक रु ४१४१५९ भुक्तानी गर्दा नियमानुसार अग्रिम कर वापत को रकम कट्टा नगरी भुक्तानी दिएको हुदा कर रकम असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,२१२ |

३८.४ सुदुर पश्चिमाञ्चल स्थानीय तहको जनप्रतिनिधिहरुको सेवा सुविधा सम्बन्धि ऐन २०७५ मा एक पटक सम्म चाडपर्व खर्च पाउने व्यवस्था गरेकोमा वडा नं २ का वडाध्यक्ष शेर बहादुर विष्टलाई गौश्वार भौचर २७६ र गौश्वारा भौचर ७ वाट गरी दुई पटक चाडपर्व खर्च भुक्तानी भएको हुदा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,००० |

३८.५ (६०५ चालु -२०८०-३-१९)- भ्रमण खर्च नियमावली २०६४ को नियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रहि दैनिक भत्ता प्राप्त गर्ने पदाधिकारीले भ्रमण अवधिभर फिल्ड भत्ता बैठक भत्ता तथा स्थानीय भत्ता नपाउने उल्लेख छ । वडा सचिव रोशन खडायतले एउटै मितिमा वडा बैठक र दैनिक भ्रमण भत्ता बुझेको हुदा दोहोरो भुक्तानी भएको रु ४२५० असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२५० |

३८.६ ४९।०७९।९।२५ शसर्त गाउँपालिकाले स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई तलब भत्ता निकासा गर्दा देहायको कर्मचारीहरुलाई स्तरवृद्धि हुदा छुट वापतको रकम निकासा गर्दा बढी निकासा गएको देखिएकोले बढी निकासा भएको रकम सम्बन्धमा एकिन गरी असुल गर्नुपर्ने रु.

| कर्मचारीको नाम | स्तरवृद्धि पछिको पद | रकम |
|---|---|---|
| दुर्गा कुमारी शाहि | सि अ न मी पाचौ | ४८०७५ |
| नवराज जोशी | सि अ हे व पाचौ | ५७३२५ |
| कमल कुमार मल्ल | सि अ हे व पाचौ | ५०१६२ |
| जम्मा | | १५५५६३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५५,५६२ |

३८.७ गाउँपालिकाले देहाय कर्मचारीहरुलाई तलब निकासा गर्दा नियमानुसार पाउने तलब भन्दा बढी तलब तथा भत्ता निकासा गरेकोले बढी तलब निकासा भएको तलब रकम सम्बन्धमा एकिन गरी सम्बन्धित कर्मचारीवाट असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| कर्मचारीको नाम | बढी तलब तथा भत्ता |
|---|---|
| निर्मला कुमारी ओली | ४७४० |
| ओम प्रकाश जोशी | १२८३४ |
| धन बहादुर थापा | ९८०० |
| प्रेम बहादुर भण्डारी | ५७४७ |
| जम्मा | ३३१२१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,१२१ |

## अनुसूचीहरू

अनुसूची -१

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९।८०

कार्यालय र स्थान: केदारस्युँ गाउँपालिका, बझाङ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पदमराज उपाध्याय | २०७८-१२-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कालुराम चौधरी | २०८०-२-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | थिंका द्वाल | २०७७-१-११ | २०८०-१-३१ |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २७४,२६० | ३,८९३,०७२ | ४२,४९९,९१६ | ० | ० | ७,०८६,६८७ |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | | | | | ५३,७५३,९३५ |
| प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट गरी सम्परीक्षण भएको रकम रु. | | | | | ० |
| सम्परीक्षणबाट थप भएको बेरुजू रु. | | | | | ० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | | | | | ५३,७५३,९३५ |

स्थानीय तह : केदारस्युँ गाउँपालिका, बझाङ ।

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४१२१९२५३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४५०१६२०२६ | **चालु खर्च** | ५२९८१४२८३ |
| **प्रदेश सरकारबाट अनुदान** | २५७९६२७० | **पूँजीगत खर्च** | १९६६४४८०४ |
| **राजश्व बाँडफाँट** | ७४५६०००० | **वित्तीय/अन्य व्यवस्था** | ५९४२१६२.० |
| **आन्तरिक आय** | ६००००००.० | | |
| **अन्य आय** | १५९२६०९८५ | | |
| **कुल आय** | ७१५७७९२८१ | **कुल खर्च** | ७३२४०१२४९ |
| **बाँकी मौज्दात** | | २४५९७२८५ | |